नगर सन्देश
कीर्तिपुर नगरपालिका — भिंगु किपू स्वच्छ किपू
नगर सन्देश वा:पौ (साप्ताहिक)
कीर्तिपुर नगरपालिकाको बुलेटिन
वर्ष १ ● अङ्क ३२ ● ने.सं. ११४० दिल्लाथ्व १ (पारू) ● वि.सं. २०७७ असार ८ गते, सोमबार ● 2020 June 22 Monday ● पृष्ठ ६
अनलाइन संस्करण

# कीनपाको सातौं नगरसभा बस्दै

## आ.व.२०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत हुने

## स्थानीय पाठ्यक्रममा नेपालभाषा प्रयोग गर्नुपर्ने सुझाव

कीर्तिपुर नगरपालिकाको सातौं नगर सभा आगामी असार १० गते बस्ने भएको छ। चालु आर्थिक वर्ष यही असार मसान्तमा सकिने भएकोले नयाँ आर्थिक वर्ष २०७७/०७८ को लागि नीति तथा कार्यक्रम प्रस्तुत गरिने भएको छ। पहिलो चरणमा प्रस्तुत गरिने नीति तथा कार्यक्रमलाई दोश्रो चरणमा छलफल गरी तेश्रो चरणमा बजेट विनियोजन गरिने छ। नयाँ बजेट समेत पारित गर्नुपर्ने भएकोले यस नगरसभालाई बजेटसभा पनि भन्ने गरिन्छ।

नयाँ बजेटको लागि जनतासँग प्रत्यक्ष सम्पर्कमा रही आवश्यक सुझावहरू सङ्कलन गर्नु पर्ने भए तापनि कोरोना भाईरस (कोभिड-१९) विश्व महामारीको रुपमा फैलिरहेको हालको विषम परिस्थितिका कारण सम्भव नभएकोले नगरपालिकाले आधुनिक प्रविधिलाई उपयोग गरी नगरबासीहरूसँग आवश्यक सुझावहरू सङ्कलन गरेको छ।

कीर्तिपुर नगरपालिकाको आधिकारिक माध्यमहरू वेवसाइट, इमेल, सामाजिक सञ्जाल फेसबुक (हेलो कीर्तिपुर नगरपालिका), कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित साप्ताहिक बुलेटिन "नगर सन्देश"को फेसबुक तथा इमेल, नगर प्रमुखको मोबाइल नं. र इमेल, उप-प्रमुखको मोबाइल नं. र इमेल, प्रमुख प्रशासकीय अधिकृतको मोबाइल नं. र इमेल त्यस्तै सूचना अधिकारीको मोबाइल नं. र इमेल मार्फत सुझावहरू सङ्कलन गरिएका थिए।

नगरपालिकाको आधिकारिक वेवसाइट http://www.kirtipurmun.gov.np मा फारम नै उपलब्ध गरेर सुझावहरू सङ्कलन गर्ने व्यवस्था मिलाइएको थियो। उक्त साइटमा नेपाली र नेपालभाषा गरी दुवै भाषामा सो फारम भर्न मिल्ने बनाइएको थियो।

गत असार ५ गते सम्म सुझाव सङ्कलन गर्ने सूचना जारी गरिएकोमा नगरपालिकाको इमेलमा जम्मा ५ वटा मात्र सुझाव आएको बताइएको छ। त्यसैगरी वेवसाइटमा नेपालीभाषाको फारम ६ जनाले भरेको र नेपालभाषाको २ जनाले भरेर आ- आफ्ना सुझावहरू दिएका छन्।

अधिकांश सुझावहरू नगरमा ढल र बाटोका साथै मन्दिर बनाउनु पर्ने आएको छ भने नगरका सबै विद्यालयहरूमा स्थानीय पाठ्यक्रम नेपालभाषामा बनाई लागु गर्नु पर्ने सुझावहरू आएको बताइएको छ।

**सफलताको शुभकामना**

कीर्तिपुर नगरपालिकाको सातौं नगरसभालाई समग्र कीर्तिपुर विकासको गतिमा नयाँ आयाम थप्न र समृद्ध कीर्तिपुर बनाउने अभियानमा सफलता मिलोस् हार्दिक शुभकामना।

नगर सन्देश परिवार

## सम्पादकीय

# विकास निर्माणमा गुणात्मक फड्को मार्ने हो भने . . .

कीर्तिपुर नगरपालिका आ. व. २०७७।०७८ को नीति तथा कार्यक्रम र बजेट निर्माणको तयारीमा जुटेको छ। नगरपालिकाले नगरबासीसँग यस वर्ष नीति तथा कार्यक्रम तथा बजेटमा समेटिनु पर्ने योजना तथा कार्यक्रमबारे सल्लाह तथा सुझाव मागेर तिनका बारेमा समेत आवश्यक प्रक्रिया पुऱ्याई प्राथमिकताका आधारमा आवश्यक र सम्भाव्य कार्यक्रम, बजेट तथा कार्यक्रममा समेट्ने प्रक्रिया औपचारिक रुपमा प्रारम्भ गरी सकेको छ। कोभिड-१९ को महामारीका कारण यस पटक विगतका वर्षहरूमा जस्तो प्रत्येक वडाहरूमा विभिन्न टोल भेला गरी आवश्यकता पहिचान गर्न र त्यसका आधारमा मात्र वडा कार्यालयहरूबाट सिफारिस गर्न नसकिने अवस्था रहेकाले भेला बाहेकका अन्य माध्यमहरू उपयोग गरिएका थिए।

यसै बीचमा आ. व.२०७६/०७७ को बजेट तथा कार्यक्रममा पूँजीगततर्फ छुट्याइएका तर विभिन्न कारणले समयमा सम्पन्न हुन नसकेका योजना तथा कार्यक्रमहरूमध्येको ठूलो हिस्सा यही महिनाको १५/२० दिनमा सम्पन्न गर्ने प्रयास हुँदैछ। यसरी यो मनसुनी वर्षा र हतारमा निर्माण कार्यहरू सम्पन्न हुँदा टिकाउपन र गुणस्तरमा ठूलो समस्या हुने गरेको हाम्रो विगतको तीतो अनुभव सबैसँग रहेकै छ। यसकारण अहिले हुँदै गरेका यस्ता भौतिक पूर्वाधार निर्माण तथा स्तरीकरणका कार्यमा व्यापक र चनाखो भई अनुगमन हुनु जरुरी रहेको छ। यस तर्फ सचेत बनिदिनुहुन कीर्तिपुरका सम्पूर्ण जनप्रतिनिधिहरू, राजनैतिक दलका नेता तथा कार्यकर्ताहरू, सामाजिक अभियन्ताहरू, उपभोक्ता समितिका महानुभावहरू लगायत सम्पूर्ण कीर्तिपुरबासीमा नगरसन्देश परिवार हार्दिक अनुरोध गर्दछ।

आगामी दिनका यस्ता विकास निर्माणका कार्यहरू समयमै सम्पन्न गर्न गराउन र पूर्वाधार निर्माणका कार्यहरू वर्षात प्रारम्भ हुनु अगाडि नै सम्पन्न गराउन नगरपालिका नेतृत्व, सम्पूर्ण जनप्रतिनिधि र कीर्तिपुरबासीले अहिले देखिनै योजना बनाएर लाग्नु जरुरी रहेको छ र यसरी वर्षात लागेपछि मात्र निर्माण कार्य शुरु गर्ने संस्कृतिको अन्त्य गर्नु जरुरी भैसकेको छ। यसको एउटा सजिलो र प्रभावकारी उपाय भनेको यस वर्षको नगरपालिकाको नीति तथा कार्यक्रममै आगामी आर्थिक वर्षदेखि पूर्वाधार निर्माण लगायतका पूँजिगत तर्फ भएका कुनै पनि खर्च रकमका चेक असार लागे पछि नकाट्ने नीति ल्याउनु जरुरी छ। अहिले झट्ट हेर्दा र सुन्दा यो काम अप्रिय र सम्भावना भन्दा बाहिरको लागे पनि हामी सबैको इच्छा शक्ति हुने हो भने यो दुरगामी महत्त्व बोकेको सम्भावनायुक्त कार्य हो र नेपालमा अहिले विद्यमान प्रणाली सिमित निर्माण व्यावसायी र केही उपभोक्ता समितिका सिमित व्यक्तिहरूबाहेक कसैलाई बेफाइदा नगर्ने प्रणाली हो भने नयाँ प्रणालीले नगरपालिकाको विकास निर्माणमा गुणात्मक फड्को मार्ने हाम्रो विश्वास रहेको छ। यसतर्फ पनि एकचोटी विचार गरिदिनुहुन नगरपालिका नेतृत्व र सम्पूर्ण सभासद्ज्यूहरूसँग हामी विनम्र आग्रह गर्दछौं।

# विपद्को पूर्व तयारी र जोखिम न्यूनीकरणका उपायहरू-१

**हर्षमान महर्जन**

मुलुकमा प्रकोप व्यवस्थापन तथा पूर्वतयारी वा प्रकोपको जोखिम न्यूनीकरण जटिल र संवेदनशील विषयका रुपमा देखिएको छ र राजनीतिक सङ्क्रमणबाट मुक्त भए तापनि कोरोना भाईरसको सङ्क्रमणबाट पनि गुज्रिरहेको वर्तमान अवस्थामा प्रकोप व्यवस्थापनको मुद्दाले उचित स्थान प्राप्त गर्न नसक्दा यस्को जोखिम बढ्दो अवस्थामा रहेको छ।

प्रकोप जोखिम न्यूनीकरण र यसको समग्र व्यवस्थापनलाई प्रभावकारी बनाउन स्थानीय सरकारको भूमिकाले सर्वाधिक महत्त्व राख्ने भएकोले स्थानीय सरकारले आवश्यक संयन्त्रको विकासमा ध्यान पुऱ्याउनु जरुरी छ। कीर्तिपुर नगरपालिकाले विपद् तथा जलवायु उत्थानशीलतालाई सबै वडासम्म विस्तार गरी नीति तथा कार्यक्रममा मूलप्रवाहीकरण गर्नु पर्ने यथार्थलाई आत्मसात गरी दिगो विकासको मान्यतालाई सुनिश्चित गर्ने गरी स्थानीय स्रोत, साधन तथा क्षमताको अधिकतम परिचालन गर्नु पर्ने आजको आवश्यकता हो।

## मेरो धारणा



कीर्तिपुर नगरपालिकाले विपद् तथा जलवायु उत्थानशीलतालाई सबै वडासम्म विस्तार गरि नीति तथा कार्यक्रममा मूलप्रवाहीकरण गर्नु पर्ने यथार्थलाई आत्मसात गरि दिगो विकासको मान्यतालाई सुनिश्चित गर्ने गरि स्थानीय स्रोत, साधन तथा क्षमताको अधिकतम परिचालन गर्नुपर्ने आजको आवश्यकता हो।

कीर्तिपुर नगरपालिकामा विभिन्न संघसंस्थाको प्राविधिक सहयोगमा नगर प्रमुखको अध्यक्षतामा नगर स्तरीय विपद् तथा जलवायु उत्थानशील समिति गठन गरी स्थानीय जनप्रतिनिधि, स्थानीय सामाजिक अगुवा, विभिन्न संघसंस्थाका प्रतिनिधि लगायत बालबालिका, महिला समूह, शिक्षक र समाजसेवी लगायतसँग समन्वय गर्दै स्थानीय समुदायको प्रत्यक्ष सहभागितामा "विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०७६" बनाउन सफलता मिलेको अवस्था छ। उक्त प्रतिकार्य योजना-२०७६लाई हरेक निकायमा सफलता पूर्वक कार्यान्वयन गर्न सम्पूर्ण सरोकारवालाले थाहा पाउनु पर्ने कुरा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वातावरण तथा विपद् व्यवस्थापन शाखाको सहयोगमा जानकारीको लागि यो लेख लेख्ने जमर्को गरेको छु।

**पहिलो चरण : विपद्को सामना गर्ने क्षमता**

यस चरणमा स्थानीय तह र समुदायमा निम्न लिखित क्षमता विकास हुनेछ।

१) स्थानीय स्तरमा सङ्कटासन क्षेत्र, परिवार र व्यक्तिहरूको पहिचान,

२)जोखिम पहिचान भएका क्षेत्रहरूमा बसोबास गर्ने परिवारलाई सुरक्षित खुला स्थानको पहिचान गरी स्थानान्तरण गर्ने योजना,

३) पूर्वतयारीका क्रममा विपद् आइलाग्दा आवश्यक खाद्य सामग्री, प्राथमिक उपचार, औषधी तथा खोज तथा उद्धारका लागि अत्यावश्यक उपकरण एवं सामग्री स्थानीय स्तरमा भण्डारण र व्यवस्थापन,

४) विपद् पूर्वतयारी र त्यसअन्तर्गत कमजोर पूर्वाधारको सवलीकरण, बाली र बस्तुभाउको बिमा र आपतकालीन स्थानान्तरण र बासस्थानको पहिचान र व्यवस्थापन,

५) सरकारी निकाय, गैरसरकारी संस्था र लोकोपकारी संघसंस्थासँग सम्बन्ध बिस्तार,

**दोस्रो चरण** : यस चरणमा निम्न अनुसारको क्षमता विकासबाट स्थानीय तह र समुदायमा विपद्को सामना गर्दै पूर्ववत् अवस्थामा फर्कने क्षमता विकास हुनेछ।

१) छोटो समयमा विपद् प्रभावित क्षेत्र र परिवारको क्षतिको तथ्याङ्क सङ्कलन र आपतकालीन सेवा सुविधा तथा आवश्यकताको पहिचान।

**क्रमशः**

*(लेखक नगर स्तरीय विपद् तथा जलवायु उत्थानशीलता समितिका विज्ञ हुन्।)*

*यस स्तम्भमा प्रकाशित लेख/रचनाहरूमा व्यक्त विचारहरू लेखकको निजी विचार भएको जानकारी गराउँदछौं।*

# कीर्तिपुरको क्वारेन्टिनमा ८ जना कायमै

# एक जना कोरोना सङ्क्रमित निको

कीर्तिपुरको मैत्री नगर बस्ने एक जनामा गत जेष्ठ २० गते कोरोना सङ्क्रमण देखा परेकोले सशस्त्र प्रहरी अस्पताल बलम्बुमा राखिएकोमा २ पटक सम्म पीसीआर परीक्षणमा रिपोर्ट नेगेटिभ आएकोले घर फर्किसकेको छ। हाल कीर्तिपुरमा कोही पनि कोरोना सङ्क्रमित नभएकोले कीर्तिपुर क्षेत्र कोरोनाबाट सुरक्षित भएको महसुस कीर्तिपुरबासीले गरेका छन्।

कीर्तिपुर नगरपालिकामा हाल ८ जना क्वारेन्टिनमा बसिरहेका छन्। गत साता पनि ८ जनाकै सङ्ख्यामा बसिरहेकाहरूको भने आरडिटी परीक्षणमा नेगेटिभ आएकोले आ-आफ्ना घर फर्किसकेका छन्।

## कोरोना भाइरस (कोभिड १९) अपडेट

| विश्व | नेपाल |
|---|---|
| कूल संक्रमण - ९०,५०,८९१ | कूल संक्रमण - ९,०२६ |
| कूल मृत्यु - ४,७०,७९५ | कूल मृत्यु - २३ |
| निको भइसकेका - ४८,४१,९३५ | निको भइसकेका - १,७७२ |

**कीर्तिपुर**

| आरडीटी | पीसीआर |
|---|---|
| परिक्षण - ३७९ | परिक्षण - १७१ |
| पोजेटिभ - ० | पोजेटिभ - ० |
| नतिजा आउन बाँकी - ० | नतिजा आउन बाँकी - ० |

निको - १ क्वारेन्टिन - ८ मृत्यु - ०

कीर्तिपुर नगरपालिकाको बुलेटिन नगर सन्देशद्वारा तयार पारिएको।
अपडेट - जुन २२, २०२० सोमवार, बिहान १०:०१ बजे (नेपाली समय)

यो साता असार ६ गते साउदी अरबबाट, असार ७ गते मलेसियाबाट, असार ७ गते माल्दिभ्सबाट त्यसै गरी असार ७ गते नै युनाइटेड अरब इमिरेट्स (यूएइ)बाट आएका ६ जनालाई कीर्तिपुर नगरपालिकाले त्रिभुवन विश्वविद्यालय परिसरमा बनाइएको क्वारेन्टिनमा राखेको छ। त्यसैगरी भारतको दिल्लीबाट असार २ गते आएका २ जना (श्रीमान् श्रीमती) भने राराहिलको क्वारेन्टिनमा बसिरहेका छन्। क्वारेन्टिनमा बसिरहेका सबैको आरडिटी परीक्षणको रिपोर्ट नेगेटिभ आएको जनाइएको छ।

## सूचना ! सूचना !!

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित यस "नगर सन्देश" बुलेटिनबारे केही सरसल्लाह वा प्रतिक्रियाहरू छन् भने कृपया तलको ठेगानामा आइपुग्ने गरी पठाइदिनुहुन हार्दिक अनुरोध गरिन्छ।

**सम्पर्कको लागि**

कीर्तिपुर नगरपालिका भवन
फोनः ४३३११८९
ईमेल
nagarsandes@gmail.com

## कीर्तिपुर नगरपालिकाको
# अत्यन्त जरूरी सूचना

विश्वमै महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) सम्बन्धी यस कीर्तिपुर नगरपालिका भित्र कोही कसैलाई केही जिज्ञासा वा परामर्शको लागि निम्न व्यक्तिहरूलाई तुरुन्त सम्पर्क गर्नहुन हार्दिक अनुरोध गर्दछ।

डा. पेरु प्रधान (नि. निर्देशक, कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८५११७०१५५
डा. निजिना ताम्राकार (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८४१३००६१५
डा. कवीर तिवारी (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८४९६७२८२९
डा. स्वरुप श्रेष्ठ (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८०१०७७२१५
डा. प्रदीप राजभण्डारी (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८५१०५८९५८
डा. पूर्णिमा शाक्य (नि.मे.सु., विष्णुदेवी अस्पताल) मोवाइल नं. ९८६१४४४२३४

साथै यस महामारी कोरोना भाइरस विरुद्धको अभियानमा कीर्तिपुर नगरपालिकालाई स्वयंसेवकको रुपमा सहयोग गर्न इच्छुक स्वास्थ्यकर्मीहरूले यथाशिघ्र नगरपालिकामा सम्पर्क गर्नको लागि हार्दिक अनुरोध गर्दछ।

# त:धंख्यलय् बुद्ध द्यः पलिस्था या:गुया निरीक्षण



किपू नगरपालिका वडा नं ९, तःधंख्यः, धःपाय् पलिस्था याःगु भगवान गौतम बुद्ध द्यःया निरीक्षण याःगु दु। किपू नगपालिकाया प्रमुख रमेश महर्जन, उप-प्रमुख सरस्वती खड्का, वरिष्ठ ईन्जिनियर बालकृष्ण महर्जन, वडा नं. ३ या अध्यक्ष राजेन्द्र महर्जन, वडा नं. ३ या सदस्य मिलन महर्जनलगायतं उगु द्यः पलिस्थाया बारे निरीक्षण यानादीगु खः।

थुगु द्यः पलिस्था यायेगु ज्या यैं क्षेत्र नं. १० या सांसद् हनेबहःम्ह राजेन्द्र कुमार केसी (राजन केसीं) थःगु सांसद् कोषपाखें १० गू लख तका ग्वहालिं याःगु खः।

थुगु द्यः पलिस्था यायेगुया नितिं बलराम महर्जनया नायःसुई बुद्ध मन्दिर निर्माण उपभोक्ता समिति दयेका वंगु २०७६ माघ २३ गते कीर्तिपुर नगरपालिकाय् योजना सम्झौता जूगु खः। थुगु योजना २०७७ बैशाख ३० गते दुने क्वचायेकेमाःगु खःसा हलिंन्यंक कोरोना भाइरस (कोभिड-१९) या माहामारीया हुनिं नेपाल सरकारं २०७६ चैत्र ११ गतेनिसें देसय् लकडाउनया घोषणा याःगुलिं क्वःछिनातःगु इलय् क्वचायेके मफूगु न्ह्यथंसें आः योजनाया ई तनां इलय् हे क्वचायेकेगु उपभोक्ता समितिं धाःगु दु।

अथेहे किपू नगरपालिका वडा नं. ३ धःपाय् च्वंगु विश्व राष्ट्रिय माध्यामिक विद्यालययया पःखाःदुथाय् नं फुटपाथ दयेकीगु जूगु दु। आः दुगु पःखाःयात बल्लाकाः अन फुटपाथ दयेकेत नगर प्रमुख, उप-प्रमुख व वरिष्ठ ईन्जिनियरपिंसं निरीक्षण समेत याःगु खः।

## कीर्तिपुर नगरपालिका

**कोरोना भाइरस (COVID-19) को माहामारीमा र**

**ाहत वितरण गर्न सहयोगका लागि अपिल !!!**

**बैंकको नाम**

**राष्ट्रिय बाणिज्य बैंक, टेकु शाखा**

**खाताको नाम**

**कीर्तिपुर नगरपालिका आकस्मिक कोष**

**खाता नं.**

**१७०००३०७०२०००२**

कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कीर्तिपुर, काठमाण्डौ

प.स. ०७६/०७७
च.न.

मिति:- २०७७/०३/०५

### घर धनीहरुलाई जरुरी सूचना

यस कीर्तिपुर नगरपालिकामा डेरा लिई बसेका व्यक्तिहरु हाल उपत्यका बाहिर रहनु भएको छ भने निजहरुलाई घरमा राख्नु अघि सम्वन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ। कीर्तिपुर नगरपालिकालाई कोभिड -१९ बाट मुक्त बनाउन सबैले सहयोग गरौ। आफु पनि बचौ र अरुलाई पनि बचाऔ।

यस कीर्तिपुर नगरपालिकामा घर भाडामा वा डेरामा बसेका व्यक्तिहरु हाल उपत्यका बाहिर रही काठमाण्डौ उपत्यका फर्किनु पर्ने भएमा पालना गर्नुपर्ने नियमहरु :

१) RDT वा PCR Test गराई Negative आएको रिपोर्ट पेश गर्नु पर्ने।
२) सम्बन्धीत घरबेटीसँग सहमति लिनु पर्ने।
३) कीर्तिपुर नगरपालिका आउनु पर्ने कारण सहीत सम्वन्धित वडासँग समन्वय गरी स्वीकृति लिनुपर्ने।
४) क्वारेन्टाइनमा खाना / खाजा आफै व्यवस्थापन गर्नुपर्ने।
४) होम क्वारेन्टाइनको व्यवस्था भए - वडा अध्यक्षबाट अनुगमन गराई स्वीकृति लिने।
५) सेल्फ क्वारेन्टाइन १४ दिन अनिवार्य बस्नु पर्ने।

कीर्तिपुर नगरपालिका
देवढोका, कीर्तिपुर




**तारको जालो :** अव्यवस्थित रुपमा रहेको बिजुली लगायत अन्य तारहरूलाई डोजर माथि चढेर पन्छाउँदै कीर्तिपुर नगरपालिका वडा नं. ९ का अध्यक्ष गंगाराम महर्जन । नेपाल विद्युत प्राधिकरण, कीर्तिपुर वितरण केन्द्र रहेको सो ठाउँमा हाल नगरपालिकाले फुटपाथ बनाउन लागेको हो । *तस्बिर : रामकृष्ण महर्जन*




# कीर्तिपुर नगरपालिकाको सूचना

विश्वभरी महामारीका रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को सङ्क्रमणलाई रोकथाम तथा सजगता अपनाउनका लागि सम्पूर्णमा हार्दिक अनुरोध गर्दछु। साथै यस्तो विपद्को अवस्थामा अन्य विरामी व्यक्तिहरूलाई अस्पतालसम्म सहज रुपमा पुर्‍याउनका लागि हाल भएका एम्बुलेन्सहरूको संख्या अपुग भएको हुँदा मानवीय सहयोगका रुपमा आफ्नो निजी गाडीलाई एम्बुलेन्सका रुपमा प्रयोग गर्नका लागि दिन चाहनु हुने इच्छुक व्यक्तिहरूले गाडी नं., ड्राइभर भएको/नभएको विवरणसहित तपसिल बमोजिमका व्यक्तिहरूलाई सम्पर्क गर्नुहोला।

| क्र.स. | सम्पर्क व्यक्ति | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १. | श्री रमेश महर्जन | नगर प्रमुख | ९८५१०२५१२५ |
| २. | श्री सरस्वती रिजाल खड्का | नगर उप-प्रमुख | ९८५११९७८११ |
| ३. | श्री सन्तमान मानन्धर | स्वास्थ्य शाखा प्रमुख | ९८४१३२९६०९ |
| ४. | श्री परशुराम चौलागाईं | सूचना अधिकारी | ९८५१२१९८०५ |
| ५. | श्री ज्ञानबज्र महर्जन | सम्पर्क व्यक्ति | ९८४१३६६०८३ |

# नगर प्रमुख महर्जनद्वारा कीनपा ३ समलको आःखाःछैं शिलान्यास




कीर्तिपुर नगरपालिका वडा नं. ३ समलमा बनाउन लागिएको आःखाःछैंको नगर प्रमुख रमेश महर्जनले आज असार ८ गते बिहान एक कार्यक्रमका बीच शिलान्यास गर्नुभयो । नेवारहरूको परम्परागत बाजागाजाहरूलाई सुरक्षित राखिने ठाउँलाई आःखाःछैं भनिन्छ। यस्ता परम्परागत आःखाःछैंमा बाजागाजाका साथै परम्परागत नृत्यहरू पनि सिकाउनुका साथै संरक्षण पनि गर्ने गरिन्छ। शिलान्यास कार्यक्रममा परम्परागत नेवाः बाजा खिं र बाँसुरीले सुमंगल धून बजाइएको थियो । कार्यक्रममा ३ नं. वडा अध्यक्ष राजेन्द्र महर्जन, वडा सदस्य मिलन महर्जनका साथै ठूलो सङ्ख्यामा स्थानीय जनसमुदायको उपस्थिति रहेको थियो।

चालु आर्थिक वर्षको वडास्तरीय गौरवको यस योजना सम्पन्न गर्न मचाभाइ महर्जनको अध्यक्षतामा समल आःखाःछैं निर्माण उपभोक्ता समिति गठन गरी गत २०७६ चैत्र ११ गते नै वडा कार्यालयमा सम्झौता भैसकेको थियो भने २०७७ असार ३० गते सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको थियो। तर विश्वव्यापी कोरोना महामारीका कारण देशमा लकडाउनको घोषणा भएकोले यस योजना शुरु नै गर्न नसकिएको हो।

वडाबाट रु.१६ लाख ९५ हजार ५ सय ९६ र उपभोक्ता समितिबाट रु.४ लाख २३ हजार ८ सय ९९ गरी जम्मा रु.२१ लाख १९ हजार ४ सय ९५को बजेटमा निर्माण गरिने यस आःखाःछैं परम्परागत नेवाः स्वरुपमा दुई तलाको बनाउन लागिएको हो।






कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित ● सम्पादक : रत्न महर्जन ● उप-सम्पादक : ज्ञानकुमार महर्जन ● मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८
● कार्यालय : कीर्तिपुर नगरपालिका भवन ● फोन : ४-३३१३८१, ४-३३१६९३ (दर्ता) ● वेबसाइट : www.kirtipurmun.gov.np
● ईमेल : ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np ● Facebook : facebook.com/kirtipurmun ● Facebook : Nagar Sandesh ● ईमेल : nagarsandes@gmail.com